# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, माघ २४ गते, २०७३ साल (संख्या ५२

## भाग ५

### नेपाल सरकार
### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको
### सूचना १

सट्टाभर्ना दिनका लागि पर्सा जिल्ला अंन्तरगत बसोबास गराइएका बसोबासीहरूको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको गठन आदेश बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस आदेशको नाम "सट्टाभर्ना दिनका लागि पर्सा जिल्ला अन्तर्गत बसोबास गराइएका बसोबासीहरूको जग्गा दर्ता सम्बन्धी समिति गठन (पहिलो संशोधन) आदेश, २०७३" रहेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. सट्टाभर्ना दिनका लागि पर्सा जिल्ला अन्तर्गत बसोबास गराइएका बसोबासीहरूको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२ को दफा १२ मा संशोधन : सट्टाभर्ना दिनका लागि पर्सा जिल्ला अन्तर्गत बसोबास गराइएका बसोबासीहरूको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२ को दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :-

"१२. समितिको कार्य अवधि : समितिको कार्य अवधि २०७३ साल चैत मसान्तसम्म हुनेछ।"

## सूचना २

तनहुँ जिल्ला, साविक दुलेगौंडा, खैरेनीटार र ढोरफिर्दि गाउँ विकास समितिको हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरूको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको संशोधन आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "तनहुँ जिल्ला, साविक दुलेगौंडा, खैरेनीटार र ढोरफिर्दि गाउँ विकास समितिको हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरूको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन (पहिलो संशोधन) आदेश, २०७३" रहेको छ ।

(२ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. तनहुँ जिल्ला, साविक दुलेगौडा, खैरेनीटार र ढोरफिर्दि गाउँ विकास समितिको हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरूको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२ को दफा १३ मा संशोधन : तनहुँ जिल्ला, साविक दुलेगौडा, खैरेनीटार र ढोरफिर्दि गाउँ विकास समितिको हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरूको नाममा जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७२ को दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ :-

"१३. समितिको कार्य अवधि : समितिको कार्य अवधि २०७३ साल चैत मसान्तसम्म हुनेछ।"

आज्ञाले,
कृष्ण प्रसाद देवकोटा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

887

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।